परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक




वर्ष : ४ अंक : १२३ पृष्ठ ४ २०८२ फागुन १० गते, आईतबार 22 February, 2025 मूल्य रु. ५/-
हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## छोरी जिताउन
# जलेश्वरमा महन्थको डेरा



● टक नेपाल

जनता समाजवादी पार्टी (जसपा) नेपालका संरक्षक महन्थ ठाकुरले आफू राष्ट्रिय सभा सदस्य भएपछि छोरी डा. मीनाक्षी झालाई राजनीतिमा उतारेका छन्। आफूले पटक-पटक जितेको महोत्तरी-३ मा उनले छोरी मीनाक्षीलाई उम्मेदवार बनाएका हुन्।

८० वर्ष कटिसकेका ठाकुरले आफ्नो उत्तराधिकारीका रूपमा छोरीलाई राजनीतिमा प्रवेश गराएका हुन्। छोरीलाई चुनाव जिताउन ठाकुर स्वयं महोत्तरीको जलेश्वरस्थित एक होटलमा डेरा जमाएर बसेका छन्।

स्वास्थ्यका कारण क्षेत्रमा हिँडडुल गर्न नसके पनि उनी आफू बसेकै ठाउँबाट नेता, कार्यकर्ता तथा शुभेच्छुकहरूसँग भेटघाट गरी छोरीको पक्षमा माहोल बनाइरहेका छन्। महोत्तरी-३ बाट दुईपटक चुनाव जितेका ठाकुरले आफ्नो सम्पूर्ण राजनीतिक शक्ति सोही क्षेत्रमा लगाएका छन्।

उनले सो क्षेत्रबाट प्रदेशदेखि केन्द्रसम्म पटक-पटक मन्त्री बनाउनुका साथै आफ्ना हरेक कार्यक्रम पनि त्यहीँ केन्द्रित गर्दै आएका छन्। उनको क्षेत्र कहिल्यै मन्त्रीविहीन रहेन।

प्रदेश होस् या केन्द्र, त्यहाँबाट कोही न कोही मन्त्री बन्थे नै। अहिले मधेस प्रदेश सरकारमा मन्त्री रहेकी रानी शर्मा तिवारी पनि सोही क्षेत्रकी हुन्। विगतका स्थानीय तह, प्रदेश तथा सङ्घीय निर्वाचनको आँकडा हेर्ने हो भने महोत्तरी-३ मा जसपा नेपाल नै बलियो देखिन्छ।

तर, ठाकुरकी छोरी भएकै भरमा टिकट पाएको र राजनीतिमा खासै भूमिका नभएका कारण मीनाक्षी कमजोर हुन सक्ने आँकलन भइरहेको छ। पेसाले डाक्टर रहेकी उनी सामाजिक काममा सक्रिय भए पनि राजनीतिमा योगदान नभएकाले पार्टीभित्रै असन्तुष्टि छ।

मीनाक्षीले टिकट पाएपछि विगतदेखि चुनाव लड्दै आएका जसपा नेता हरिनारायण यादवले असन्तुष्ट हुँदै पार्टी छाडेर स्वतन्त्र उम्मेदवारी दिएका छन्। यादव भन्छन्, 'पार्टीमा मीनाक्षीको कुनै योगदान नै छैन, अहिलेसम्म साधारण सदस्यता पनि लिनुभएको छैन। तर, संरक्षक ठाकुरले आफ्नै छोरी भएका नाताले जबर्जस्ती उम्मेदवार बनाउनुभयो। यहाँका जनताले यो कुरा राम्रोसँग बुझेका छन् र चुनावमा यसको हिसाबकिताब गर्नेछन्।'

यद्यपि, जसपा नेपालका नेता डा. सुरेन्द्र झाले मीनाक्षीको अवस्था धेरै राम्रो रहेको दाबी गरे। हरिनारायण यादवको उम्मेदवारीले पार्टीलाई कुनै फरक नपर्ने उनको भनाइ छ। 'पार्टीको पुरानो नेता भएका कारण केही मत काट्लान्, त्यो बेग्लै कुरा हो। तर, उनी निर्णायक हुन सक्दैनन्,' उनले भने, 'हरेक हिसाबले महोत्तरी-३ मा जसपा नेपाल बलियो छ, त्यसैले चुनाव जित्ने लगभग निश्चित छ।' ठाकुर आफैँ महोत्तरीमा रहेर चुनावी अभियानको नेतृत्व गरिरहेको बताउँदै झाले प्रतिस्पर्धामा दोस्रो स्थानमा कांग्रेस र त्यसपछि मात्रै अन्य दल रहेको दाबी गरे।

सो क्षेत्रमा विभिन्न दल र स्वतन्त्र गरी ४१ जना उम्मेदवार चुनावी मैदानमा छन्। यहाँ नेपाली कांग्रेसका बजरङ्ग नेपाली, एमालेका मनोज सिंह, जसपाकी मीनाक्षी झा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उज्ज्वल झा र स्वतन्त्र उम्मेदवार रामआधार कापरबिच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ।

उम्मेदवारी दर्ता गराउने दिन भएको दल फेरबदलका कारण कतिपय उम्मेदवार कमजोर देखिएको राजनीतिक मामिलाका जानकार ध्रुव राय बताउँछन्। उनी भन्छन्, 'जसपाबाट टिकट नपाएपछि हरिनारायणजी स्वतन्त्र उठ्नुभएको छ, पक्कै पनि त्यसको असर जसपाकै उम्मेदवारलाई पर्छ।' एमालेबाट टिकट नपाएपछि रामआधार कापर पनि स्वतन्त्र उठेका छन्, जसले एमालेको भोट काट्न सक्छ।

प्रायः हरेक चुनावमा उम्मेदवार बन्दै आएका रामआधार कापर अन्तिम समयमा एमालेको टिकटबाट वञ्चित भएका थिए। उनी भन्छन्, 'पार्टीबाट मेरो एकल सिफारिस भएको थियो तर अन्तिममा मलाई टिकट किन दिइएन, थाहा भएन। तर, महोत्तरी-३ का जनता मेरो पक्षमा रहेकाले मेरो जित निश्चित छ।'

मीनाक्षीका लागि अर्को चुनौती नेपाली कांग्रेस बनेको छ। २०७४ र २०७९ को निर्वाचनमा महन्थ ठाकुरलाई सघाएका कांग्रेस नेता बजरङ्ग नेपाली आफैँ उम्मेदवार बनेपछि ठाकुर बाबुछोरीलाई चुनौती थपिएको हो। कांग्रेस सभापति गगन थापा सर्लाहीबाट चुनाव लडेपछि मधेसमा कांग्रेसको माहोल पनि राम्रो बनेको छ, जसको फाइदा बजरङ्गलाई पुग्न सक्ने देखिन्छ।

# मतदानस्थल अनुगमन तीव्र, सुरक्षा संयन्त्र उच्च सतर्कतामा



● टक नेपाल

प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा महोत्तरीमा मतदानस्थल अनुगमन र सुरक्षा परिचालन तीव्र पारिएको छ । नेपाल-भारत खुला सीमाका कारण निर्वाचन व्यवस्थापन चुनौतीपूर्ण मानिँदै आएको यस जिल्लामा सुरक्षा संयन्त्र उच्च सतर्कतामा राखिएको जिल्ला सुरक्षा समितिले जनाएको छ ।

भारतको बिहार राज्यअन्तर्गत सीतामढी र मधुबनी जिल्लासँग करिब ३९ किलोमिटर खुला सीमा जोडिएको महोत्तरीमा सीमा पारिबाट हुन सक्ने अवाञ्छित गतिविधि नियन्त्रणलाई मुख्य चुनौतीका रूपमा लिइएको छ ।

जिल्लामा कायम २५८ मतदानस्थलमध्ये ६३ प्रतिशत अर्थात् १६३ स्थल अतिसंवेदनशील, ३४ प्रतिशत अर्थात् ८९ स्थल संवेदनशील र २ प्रतिशत अर्थात् ६ स्थल सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ । सोही आधारमा सुरक्षाकर्मी परिचालन, निगरानी तथा गस्ती व्यवस्थापन गरिएको समितिले जनाएको छ ।

महोत्तरीका १५ वटै स्थानीय तहका मतदानस्थलको भौतिक संरचना, भौगोलिक अवस्थिति, सुरक्षा संवेदनशीलता, विद्युत्, खानेपानी, शौचालयलगायत आधारभूत सुविधाबारे सूक्ष्म अनुगमन गरिएको प्रमुख जिल्ला अधिकारी इन्दुदेव यादवले जानकारी दिनुभयो । उहाँका अनुसार स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा मतदान गराउने लक्ष्यसहित सबै मतदानस्थल तयारी अवस्थामा राखिएका छन् ।

प्रमुख जिल्ला अधिकारी यादवले भन्नुभयो, "२५८ वटै मतदानस्थल तयारी अवस्थामा छन् । सबै ठाउँमा सुरक्षा निगरानी बढाइएको छ । सडक मार्ग सुरक्षित पाइएकाले फागुनको तेस्रो सातादेखि मतपेटिका र मतदान सामग्री ढुवानी गर्ने तालिका मिलाइएको छ ।"

सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन भारतीय समकक्षीसँग बैठकहरू भइरहेका छन् । पुस २४ गते रौतहटको चन्द्रनिगाहपुरमा सीतामढी जिल्लाका अधिकारीहरूसँग सुरक्षा बैठक सम्पन्न भइसकेको छ । मधुबनी जिल्लासँग जनकपुरमा सीमा सुरक्षा बैठक गर्ने तयारी गरिएको जनाइएको छ ।

प्रमुख जिल्ला अधिकारी यादवसहित मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारी, सशस्त्र प्रहरी र नेपाल प्रहरीका प्रहरी उपरीक्षकद्वय शेरबहादुर अधिकारी र हेरम्ब शर्मा, जिल्ला निर्वाचन अधिकारी रञ्जिता झा तथा इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी विकास बमलगायतको टोलीले दक्षिणी सीमादेखि खयरमाराको विकट डाँडाछोड्केसम्मका मतदानस्थलको अनुगमन गरेको हो ।

यसअघि निर्वाचनको वातावरण निर्माण गर्न जिल्लाका चारै निर्वाचन क्षेत्रमा राजनीतिक दल, उम्मेदवार, जनप्रतिनिधि तथा नागरिक समाजसँग समन्वयात्मक अन्तरक्रिया गोष्ठी आयोजना गरी निर्वाचन लक्षित विविध विषयमा छलफल गरिएको थियो ।प्रमुख जिल्ला अधिकारी यादवले संयुक्त सुरक्षा परिचालन र सीमा समन्वयमार्फत निर्वाचन सुरक्षालाई थप सशक्त र भरपर्दो बनाइएको दाबी गर्नुभयो ।

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### रगतको राजनीति

नेपालको आधुनिक राजनीतिक इतिहास रगत र बलिदानले लेखिएको पीडादायी यात्रा हो। १९९७ सालका शहीद देखि सुरु भएको प्रतिरोधले २००७, २०३६ र जनआन्दोलन २०४६ हुँदै गणतन्त्रसम्मको बाटो तय गर्‍यो। माओवादी सशस्त्र द्वन्द्व ले १७ हजारभन्दा बढी ज्यान लियो, सयौं बेपत्ता भए। त्यसपछि पनि मधेश आन्दोलन, गौर नरसंहार र टीकापुर घटना जस्ता घटनाले राजनीतिमा दण्डहीनता र ध्रुवीकरण गहिर्याए।

तर विडम्बना के छ भने, हरेक आन्दोलनपछि शहीदको सपना भन्दा सत्ता समीकरण बलियो भयो। रगतले व्यवस्था बद्लियो, तर संस्कार बद्लिन सकेन। पछिल्ला वर्षहरूमा सडक, शिक्षा, स्वास्थ्य, बिजुली र मानव विकास सूचकाङ्कमा सुधार देखिए पनि राजनीतिक संस्कृतिमा परिपक्वता अझै कमजोर छ।

अब प्रश्न स्पष्ट छ– परिवर्तनका नाममा सधैं युवाको रगत किन बग्ने? नेताका सन्तान सुरक्षित, तर सर्वसाधारणका छोराछोरी सडकमा किन? लोकतन्त्रको रक्षा हिंसाले होइन, विवेक, नीति र सुशासनले हुन्छ। शहीदको नाम बेचेर भोट माग्ने होइन, उनीहरूको बलिदानलाई शान्ति, विकास र न्यायमा रूपान्तरण गर्ने नेतृत्व आजको आवश्यकता हो। नेपाल अब रगतको राजनीति होइन, परिणामको राजनीति चाहन्छ।

# जुत्ताको मूल्यभन्दा कमजोर.....

समाजमा चेतना फैलाइरहेका छन् । आजको पुस्ता केवल समस्यामा रोइरहेको छैन, उनीहरू समाधान खोज्न, प्रश्न गर्न र परिवर्तनका लागि संघर्ष गर्न तयार छन् भन्ने विषय हरेक नेपाली जेन-जीका खुट्टाले बताइरहेका छन् । ती प्रत्येक खुट्टाले लगाएका विदेशमा उत्पादित सस्ता जुत्ताले हाम्रो समाज र राज्यको चरित्र उदाङ्गो पारिरहेका छन् ।

मेरो बुबा पुस्ताले दुःख गरेर, छातीमा गोली थापेर ल्याएको प्रजातन्त्र कसैको एकलौटी सम्पत्ति थिएन । त्यो प्रजातन्त्रमाथि धावा बोलेर सत्तामा आएकाहरूले समाजलाई अगाडि बढाएनन् । हिजोको पुस्ताले बनाएको देश नयाँ पुस्तालाई सुम्पिन किन आनाकानी गरेको ? यो मुलुकलाई बन्धक बनाएर राख्ने काम कसले गरिरहेको छ ? नयाँ पुस्ताको सोच र कल्पनालाई किन अन्यथा प्रश्न गरिरहेका छौं हामी ? नयाँ सोच, नयाँ दृष्टिकोण र नयाँ मूल्यका साथ देशलाई अघि बढाउन हामी किन डराइरहेको ?

नेपालको इतिहासमा पुस्तान्तरणका धेरै उदाहरण छन् । राणा शासनको अन्त्य, प्रजातन्त्रको स्थापना, पञ्चायतको पतन, बहुदलीय लोकतन्त्र र गणतन्त्र, यी सबै परिवर्तनमा पुस्तान्तरणको भूमिका छ। तर, हरेक पुस्ताले आफ्ना चुनौती र सम्भावना बोकेको हुन्छ। चुनौतीसँग जुध्न नयाँ पुस्ता सक्षम छ। यसमा किन शंका र प्रश्न गरेको ? आजको पुस्ताले प्रविधि, सूचना, शिक्षा र विश्वव्यापीकरणको फाइदा उठाउन सक्छ। उनीहरूमा नयाँ सोच, नयाँ दृष्टिकोण र नयाँ ऊर्जा छ। तर, उनीहरूमा निराशा, असन्तुष्टि र आक्रोश पनि छ।

एउटा जुत्ताले बोकेको कथा, अर्थतन्त्रको अवस्था, कानुनको उपहासले समाजलाई कलंकित गरेको छ। तर आन्दोलनको प्रतीकात्मकता र पुस्तान्तरणको चुनौतीलगायतले आजको अवस्था र भविष्यका सम्भावनाहरूलाई उजागर गर्छन् । यो मुलुकमा खास अर्थको परिवर्तन सजिलो छैन । तर असम्भव पनि होइन । जुत्ताले बोकेको जीवनको पीडा, आजको आन्दोलनले उठाएको आवाज र भोलिको आशाले नेपाललाई नयाँ दिशातर्फ डोर्‍याउनेछ। नेपालको इतिहास, वर्तमान र भविष्यको संगममा हामी उभिएका छौं। अबको यात्रा सजिलो छैन, तर आशा, संघर्ष र चेतनाले नयाँ नेपाल निर्माणको बाटो अवश्य खोल्नेछ।

ईसापूर्व २११२ मा मेसोपोटामियाको उर सहरमा उर-नम्मा नामक एक महत्त्वाकांक्षी सैनिक नेताको उदय भयो। उनी एक सफल तर निर्दयी युद्धप्रमुखलाई हटाएर सत्तामा आएका थिए । शासन हातमा लिए । तर, उर-नम्मा केवल सत्ता र शक्ति प्राप्तिमा सीमित थिएनन् । उनी साँच्चै नै गरिब किसान, श्रमिक र कारीगरहरूलाई राहत दिन चाहन्थे । सामाजिक असमानता हटाउने वाचा गरेका थिए र त्यहीअनुसार काम गर्न चाहन्थे । त्यसकारण उनले घोषणा गरे, 'मैले अनाथलाई धनीकहाँ सुम्पिने छैन । मैले विधवालाई शक्तिशालीकहाँ सुम्पिने छैन । मैले एक सुक्का भएको मानिसलाई साठी सुक्का भएको मानिसकहाँ सुम्पिने छैन । मैले एक भेडा भएको मानिसलाई एक गोरु भएको मानिसकहाँ सुम्पिने छैन। मैले वैर, हिंसा र न्यायका लागि चिच्याहटहरू हटाएँ ।' घोषणा मात्र होइन, उनले यसका लागि नियमकानुन पनि लागू गरे । जसले समाजमा न्याय र समानता स्थापना गर्न मद्दत गर्‍यो ।

यो ऐतिहासिक उदाहरणले देखाउँछ कि कानुनको शासन केवल सामाजिक नियन्त्रणको माध्यम मात्र होइन, आर्थिक विकासका लागि आधारभूत पूर्वाधार पनि हो । कानुनी प्रणालीको निर्माणमा प्रारम्भिक कानुनहरू, जस्तै नेपालको हकमा मुलुकी ऐन, केवल अपराध नियन्त्रणका लागि नभई आर्थिक स्थिरता र व्यापार व्यवस्थापनका लागि पनि थिए । मुलुकी ऐनले दायित्वलाई नियमन गर्‍यो, जसले व्यापारमा जोखिम कम गर्‍यो र आर्थिक प्रणालीलाई चलायमान बनायो । साथै, सम्पत्ति र उत्तराधिकारका अधिकारहरूलाई औपचारिक बनाउँदा परिवारभित्र पुँजीको दीर्घकालीन सञ्चय सम्भव भयो ।

मध्ययुगीन व्यापारी र ट्रेड युनियनहरूले राज्यको ढिलो र पक्षपाती अदालतहरूमा निर्भर नहुने गरी आफ्नै अनौपचारिक तर बाध्यकारी नियमहरू विकास गरे । यी नियमहरूले विभिन्न क्षेत्र र धर्मका बीच विनिमय सम्भव बनाए, जसले आर्थिक विकासलाई प्रोत्साहन गर्‍यो । नेपालको हकमा पनि लामो समयदेखि सामाजिक असमानता, गरिबी र न्यायको अभाव छ। सम्मुखमा रहेको निर्वाचनले नयाँ सरकार दिनेछ। नयाँ नेतृत्व दिनेछ, जसले देशलाई समृद्धि र समावेशिताको बाटोमा लैजान सक्छ। त्यसभन्दा पनि बढी न्याय र समानता दिनेछ भन्ने आशा आममानिसमा छ।

आममानिसमा रहेको यो आशा पूरा गर्नका लागि नयाँ सरकारले उर-नम्माको जस्तै साहस र प्रतिबद्धता देखाउन आवश्यक छ। केवल सत्ता कब्जा गर्ने होइन। सबै वर्गका नागरिकहरूको अधिकार र हितको रक्षा गर्ने, गरिब र कमजोरलाई न्याय दिलाउने र सामाजिक असमानता हटाउने नीति बनाउनुपर्छ । सरकारले आर्थिक नीतिहरूमा सुधार ल्याएर बजेटलाई प्रभावकारी र पारदर्शी बनाउनुपर्छ, जसले विकासका परियोजनाहरूलाई गति दिन्छ र जनताको जीवनस्तर सुधार्छ। कानुनी प्रणालीलाई बलियो बनाउँदै सबैलाई समान न्याय सुनिश्चित गर्नुपर्छ, जसले भ्रष्टाचार र दमनलाई कम गर्छ।

साथै, नयाँ नेतृत्वले सामाजिक एकता र सहिष्णुतालाई प्रोत्साहन गर्नुपर्छ, ताकि विभिन्न जाति, भाषा र धर्मका मानिसहरूबीच वैरभाव हटोस् र साझा राष्ट्रिय पहिचान बलियो होस् । उर-नम्माले जस्तै, नयाँ सरकारले पनि 'मैले गरिबलाई धनीकहाँ सुम्पिनँ' भन्ने प्रतिबद्धता लिएर अघि बढ्नुपर्छ । व्यवहारमा पनि न्याय, समानता र समावेशितालाई स्थापित गर्न सक्नुपर्छ। नेपालको भविष्य त्यही नेतृत्वमा निर्भर छ, जसले केवल भाषणमा होइन, कार्यमा पनि जनताको विश्वास जित्छ । देशलाई स्थिरता, समृद्धि र न्यायको बाटोमा डोर्‍याउँछ । नयाँ सरकारलाई पुराना असमानता र अन्यायका जालबाट मुक्त भएर नयाँ युगको सुरुवात गर्ने अवसर छ।

नेतृत्वको वास्तविक शक्ति केवल सत्ता प्राप्तिमा होइन, न्याय र समानताको स्थापना गर्न सक्ने क्षमतामा हुन्छ। मुलुकलाई त्यस्तो नेतृत्वको आवश्यकता छ, जसले सबै नागरिकलाई समान अवसर र सम्मान दिन्छ। देशलाई समृद्धिको दिशामा लैजान्छ। र, हरेक नेपालीको प्रत्येक कदमलाई विकासको बाटोमा हिँडाउन सक्छ।

**जनहितमा जारी**

- ❖ बिना अनुमति बोरिङ नगनुहोस्।
- ❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- ❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- ❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाऔं।
- ❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- ❖ गहिरो बोरिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- ❖ अनियन्त्रित बोरिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- ❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गरौं।
- ❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गरौं।
- ❖ पानीको सिाइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याऔं।
- ❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गराऔं।
- ❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गरौं।
- ❖ 'जल छ भने जीवन छ' भन्ने कुलाइ व्यवहामा उतारौं।



भुमिगत जलश्रोत सिचाइ डिभिजन कायाल महोत्ती, मधेश प्रदेश






# जुत्ताको मूल्यभन्दा कमजोर अर्थतन्त्र

● टक नेपाल

जुत्ताको मूल्य महँगो होइन । तर राज्यको नालायकीले गर्दा चर्को पर्‍यो । प्रकाश बोहोराले जम्मा १५०० रुपैयाँ (१०.३७ अमेरिकी डलर) मा किनेको एक जोर जुत्ताले नेपाली अर्थतन्त्र किन जकडिएको छ र यसलाई कसले बन्दी बनाएर राखेको छ भन्नेबारे सबैले बुझ्ने गरी सपाट कथा बताइदिएको छ । प्रकाशले त्यही जुत्ता लगाएको खुट्टामा प्रहरीले गोली चलायो । जेन-जी आन्दोलनका क्रममा संसद् भवनअगाडि गोली लागेर ढलेका प्रकाशको दैलेखदेखि सुरु भएको दुःखको कथाले नेपाली राजनीति र अर्थनीतिको केन्द्रमा बसेका सबैलाई एकैपटक खोजेको छ ।

पछिल्लो तथ्यांकअनुसार नेपालीको प्रतिव्यक्ति आय १२४३.३ अमेरिकी डलर छ । मुलुक अहिले पनि अतिकम विकसित राष्ट्र (एलडीसी) को सूचीमा छ । आर्थिक वृद्धिदर अत्यन्त न्यून छ । केही दिनअघि मात्र सरकारले चालु आर्थिक वर्षको बजेटको आकार घटाएको छ । हाम्रा सारा प्रयत्नका बाबजुद मुलुकको अर्थतन्त्रको प्रमुख आधार नै विप्रेषण आय रहिआएको छ । यसमा तत्काल परिवर्तन हुने देखिँदैन । हाम्रो अर्थतन्त्र यति कमजोर र शिथिल हुनुका पछाडि दशकौंदेखि थिग्रिएर बसेको कुशासन, बेथिति, भ्रष्टाचारलगायतका कारण छन् । यिनै बेथितिविरुद्धको लडाइँमा प्रकाशको जुत्ता अलपत्र पर्‍यो । दर्जनौं निहत्था युवाको जीवन अन्त भयो ।



जेन-जी आन्दोलनले कुनै अमुक पात्रलाई सत्ताच्युत र नयाँ पात्रको सत्तारोहण खोजेको होइन । तर हुन गइरहेको त्यही छ । यसकारण पनि मलाई लाग्छ, यो आन्दोलनको मर्मलाई हामीले धेरै पछाडि छाडिसकेका छौं । निर्वाचनको प्रक्रियाबाट जोसुकै सत्तामा आए पनि मुलुकले आर्थिक विकासको बाटो समात्न सक्नेछैन भन्ने स्पष्ट छ । किनभने राजनीतिक वृत्तमा मुलुक निर्माणको आर्थिक र राजनीतिक दर्शनसँग खासै चिन्ता छैन । नेताका भाषण छन् तर त्यहाँ स्पष्टता र इमानदारिता छैन । यसकारण हामीले खोजेको आर्थिक क्रान्ति र राजनीतिक संस्कारको निर्माणका लागि कतैबाट पनि पहल हुन सक्ने देखिँदैन ।

पछिल्ला दशकहरू, खासगरी सन् २०१५ देखि यताको यात्रा हेर्दा हामीले मुलुक निर्माणका लागि इमानदार प्रयत्न गरेका छैनौं । यसको सबैभन्दा ठूलो उदाहरण संसद्का दुई ठूला दल कांग्रेस र एमाले मिलेर बनाएको गठबन्धन सरकार हो । यो राजनीतिक बेइमानी मात्र नभएर संसदीय मर्यादाको विपरीत थियो । यस्तो बेइमान र अनैतिक गठबन्धन र यसको जगमा उभिएको सरकारले गरेका हदसम्मका निर्णयलाई नेपाली समाजको सबैभन्दा पछिल्लो जेन-जी पुस्ताले सहन सकेन । उनीहरूको अकर्मण्यतालाई विद्रोहमार्फत बाहिर धकेल्ने काम जेन-जी पुस्ताले गर्‍यो । सरकार प्रमुख नै सुरक्षा घेरामा रहेर भाग्नुपर्ने अवस्था आयो । यही पुस्ताको आन्दोलनमा सहभागी एक जोर जुत्ताको कथाले हाम्रो अर्थतन्त्रको अवस्थालाई बाहिर ल्याइदिएको छ । जेन-जी आन्दोलनमा रगतले लथालिंग भएको जुत्ताको तस्बिरले देशभरि हलचल ल्यायो । त्यो जुत्ता केवल एउटा वस्तु रहेन । त्यो एउटा पुस्ताको पीडा, निराशा, आक्रोश र परिवर्तनको चाहनाको प्रतिबिम्ब बन्न पुग्यो ।

कहिलेकाहीं साना प्रतीकहरू, जस्तै त्यो जुत्ता, हाम्रो समाजको गहिरो पीडा र असन्तुष्टिको ऐना बन्छन् । त्यो जुत्ता कसको थियो ? किन रगत पोतिएर लथालिंग भयो ? पत्रकारहरूले खोजी गर्दा, उनीहरूले केवल एउटा घाइतेको पहिचान मात्र होइन, नेपाली समाजको गहिरो पीडा र असन्तुष्टिको तह पत्ता लगाए । रोजगारीको खोजीमा देश-विदेश भौंतारिइरहेका युवाहरू, अवसरको अभावमा निराश भएका परिवारहरू र परिवर्तनको आशामा सडकमा उत्रिएका नागरिकहरूलगायतको कथा त्यो जुत्तामा मिसिएको थियो ।

अब प्रश्न उठछ, के हिजोको पुस्ताले मुलुक निर्माणको कुनै पनि काम नै नगरेको हो त ? त्यस्तो होइन । अघिल्लो पुस्ताले धेरै गरेको छ । राष्ट्रका लागि लडेको थियो । तर अब त्यो तरिकाको गराइले पुग्दैन । भोलि कस्तो बनाउने भन्नेबारेमा आजको पुस्ताले निर्णय गर्ने हो । कस्तो देश बनाउने भन्ने केवल राजनीतिक वा आर्थिक मात्र होइन, सामाजिक र नैतिक प्रश्न पनि हो । पुस्तान्तरणको अर्थ केवल उमेरको अन्तर होइन । यो सोच, दृष्टिकोण र मूल्यको हस्तान्तरण हो । हिजोका पुस्ताले गरेका संघर्ष र बलिदानको फलस्वरूप हामीले गणतन्त्र, संघीयता र समावेशिताको अभ्यास गर्न पाएका छौं । तर, यो नै सबथोक होइन । यी सब त केवल साधन मात्र थिए । अब यहाँबाट अगाडि हामीले कस्तो समाज निर्माण गर्छौं, अर्थतन्त्रलाई कसरी अगाडि बढाउँछौं र समाजलाई कति परिस्कृत बनाउँछौं भन्ने विषय मुख्य हो ।

आजका युवाहरू प्रविधि, सूचना र विश्वव्यापीकरणको युगमा हुर्किएका छन् । उनीहरूमा नयाँ सोच, नयाँ दृष्टिकोण र नयाँ ऊर्जा छ । तर, उनीहरूमा निराशा, असन्तुष्टि र आक्रोश पनि छ । जब अवसरको अभावमा हजारौं युवा विदेशिन बाध्य हुन्छन्, जब आफ्नै देशमा श्रमको सम्मान हुँदैन, जब शिक्षा र सीपको उचित प्रयोग गर्न सकिँदैन, तब त्यो निराशा आन्दोलन, आक्रोश र अन्ततः विद्रोहमा परिणत हुन्छ ।

नेपालको आर्थिक अवस्था पछिल्ला वर्षहरूमा चुनौतीपूर्ण बन्दै गएको छ । स्रोत जुटाउन र खर्च गर्न नसकेपछि सरकारले चालु आर्थिक वर्षको बजेट २ खर्ब ७५ अर्बले घटाएको छ । अर्थमन्त्रीले सार्वजनिक गरेको अर्धवार्षिक समीक्षामा चालु आर्थिक वर्षको कुल विनियोजित बजेटमा २ खर्ब ७५ अर्ब ७८ करोड ३३ लाख रुपैयाँ घटाइएको जानकारी दिएका छन् । यसअघि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ बराबरको बजेट सार्वजनिक गरिएको थियो । तर, बजेट खर्च गर्न नसक्ने देखिएपछि संशोधन गर्दै १६ खर्ब ८८ अर्ब ३२ करोड ६७ लाख रुपैयाँमा झारिएको छ ।

पुँजीगत खर्चको अवस्था अत्यन्तै कमजोर रहेको अर्थ मन्त्रालयका अधिकारीले स्वीकार गर्छन् । राष्ट्रिय गौरवका आयोजना निर्माणका लागि गरेको बजेट विनियोजनमा त्यसको मात्र १५.४९ प्रतिशत खर्च भएको छ । आर्थिक वर्ष सुरु हुनासाथ राजनीतिक संक्रमण आइपर्‍यो र त्यसपश्चात् निर्वाचनको पूर्वतयारी गर्नुपर्ने भएकाले पुँजीगत खर्चमा ध्यान जान सकेन भन्ने भनाइ छ । तर यो कुनै एक आर्थिक वर्षको समस्या होइन । हरेक आर्थिक वर्षमा हामीलाई केही न केही बहाना मिलिरहेको हुन्छ । यसकारण आयोजनाहरूको समयमा निर्माण सुरु हुँदैन, र सम्पन्न हुँदैन । अर्थ र विकाससँग जोडिएका तथ्यांकहरू केवल आर्थिक सूचकांक होइनन् । यिनले हाम्रो समाजको तस्बिर र मनोविज्ञान पनि बताइरहेका हुन्छन् । तर, आर्थिक संकट मात्र हाम्रो समस्या होइन । कानुनी अन्योल, सुशासनको अभाव र असमानता हाम्रो समाजका गहिरा घाउ हुन् ।

सन् २०२१ मा प्रकाशित फर्नान्डा पिरीद्वारा लिखित पुस्तक 'दि रुल अफ लज्स् :ए ४,०००-इयर क्वेस्ट टु अर्डर द वर्ल्ड' ले कानुन र शासनको विकासलाई फेहरिस्त गर्ने क्रममा प्राचीन मेसोपोटामियादेखि आधुनिक अन्तर्राष्ट्रिय कानुनी व्यवस्थासम्म समेटेकी छन् । अक्सफोर्ड विश्वविद्यालयकी प्रोफेसर पिरीले कुनै समाज तथा मुलुकले अंगीकार गरेका कानुन केवल सामाजिक नियन्त्रणका नियम नभई, त्यो समाज तथा मुलुकको साझा पहिचान, नैतिक ढाँचा र आर्थिक व्यवस्था भएको बताउँछिन् । मानव सभ्यतामा कानुनलाई कहिले सत्ता स्थापनाका लागि 'तरबार' त कहिले शक्ति दुरुपयोगबाट जोगिन 'ढाल' का रूपमा प्रयोग हुँदै आएको छ । नेपाली समाजमा हामीले कानुन केवल नागरिकलाई सत्ता र स्रोतबाट विमुख गर्नका लागि उपयोग गर्दै आएका छौं । यसकारण जब एउटा जुत्ताको रंग रगतले बदल्छ, अनि मात्र समाजले सुन्छ ।

पुस्तकमा मेसोपोटामियाको हम्मुराबीको संहितादेखि चीन, भारत, इस्लामिक र यहुदी कानुनी परम्परासम्मका विविध कानुनी पहिचानको चर्चा छ । चीनमा कानुनलाई सम्राट्ले ब्रह्माण्डको व्यवस्था स्थापनाका लागि प्रयोग गरे भने भारतमा धर्म र सामाजिक कर्तव्यमा केन्द्रित कानुन विकसित भयो ।

इस्लामिक र यहुदी परम्परामा कानुनलाई धार्मिक जीवन र परलोकसँग जोडिएको प्रणालीका रूपमा प्रस्तुत गरिएको छ । कानुनको निर्माण शासकले दमन गर्नका लागि मात्र नभई, साधारण जनता, व्यापारी, किसान र विभिन्न जातिद्वारा आफ्ना अधिकार र पहिचानको संरक्षण तथा दमनको प्रतिरोधका लागि गरिन्छ । पिरीका अनुसार कुनै कानुनी प्रणाली पूर्ण छैन । तर मानव सभ्यतालाई एकताबद्ध गर्ने कुरा भनेको कानुनले अराजकताबाट व्यवस्था र न्यायको बाटो देखाउन सक्छ भन्ने विश्वास हो । यही विश्वासका साथ दैलेखदेखि रुससम्मको यात्रा गर्ने साहस एउटा युवाले गर्न सक्छ । त्यहाँबाट समेत सकुशल घर फर्केको युवा आफ्नै देशको संसद् भवनअगाडि सत्तालाई सामान्य प्रश्न गर्दा गोली लागेर ढल्छ । योभन्दा निर्लज्ज समाज र सत्ता कहाँ हुन्छ ?

कानुनी अन्योल र सुशासनको अभावले जनतामा गहिरो असन्तुष्टि छ । जब कानुन केवल शक्तिशालीलाई सुरक्षा प्रदान गर्नका लागि लागू हुन्छ, जब साधारण नागरिकले न्याय पाउन सक्दैन, तब समाजमा निराशा र आक्रोश बढ्छ । तर, यति धेरै निराशा र असन्तुष्टिका बीचमा पनि आशाको किरण हराएको छैन । आन्दोलन, बहस र प्रतीकात्मक घटनाहरूले

बाकी पृष्ठ २......

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# खटिए आठ सय बीस कर्मचारी

टक नेपाल

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि रौतहट क्षेत्र नं. ३ मा ८२० जना कर्मचारी खटिएका छन्। निर्वाचन अधिकृतको कार्यालय निर्वाचन क्षेत्र नं. ३ कटहरियाका अनुसार मतदान केन्द्रमा मतदान अधिकृत एक जना, सहायक मतदान अधिकृत एक जना, सहयोगी कर्मचारी तीन जना र कार्यालय सहयोगी एक जनाका दरले मतदान केन्द्रमा कर्मचारी खटाइएको हो।

केबलराम सुरत बहुमुखी क्याम्पस सिमरा भवानीपुर र साबिक बगही गाविस भवन मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृत एक, एक जना सहयोगी कर्मचारी दुई जना र कार्यालय सहयोगी एक जनाका दरले कर्मचारी खटाइएको निर्वाचन अधिकृतको कार्यालय निर्वाचन क्षेत्र नं. ३, कटहरियाका निर्वाचन अधिकृत अबध किशोरप्रसाद कुशवाहाले जानकारी दिनुभयो।

उहाँका अनुसार १३७ वटा मतदान केन्द्रमा १३७ जना मतदान अधिकृत, १३७ जना सहायक मतदान अधिकृत, ४०९ जना सहयोगी कर्मचारी र १३७ जना कार्यालय सहयोगी खटिएका छन्। उहाँका अनुसार समानुपातिक र पारदर्शी तरिकाले कर्मचारी खटाइएको छ। रौतहट-३ मा ७७ वटा मतदान स्थल तथा १३७ वटा मतदान केन्द्र रहेका छन्। पुरुष मतदाता ५९ हजार ९६९, महिला मतदाता ४८ हजार ७३० र तेस्रो लिङ्गी मतदाता एक गरी जम्मा एक लाख आठ हजार ६९९ मतदाता रौतहट क्षेत्र नं. ३ मा रहेको जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ।

रौतहटका अन्य निर्वाचन क्षेत्रमा मतदानमा खटिने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको नाम सार्वजनिक भए पनि खटिने सहायक कर्मचारी र कार्यालय सहयोगीको नाम सार्वजनिक गरिएको छैन।




Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मूल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ।

जनहितमा जारी

❖ बिना अनुमति बोडि नगनुहोस्।
❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावरणीय संकट निम्त्याउँछ।
❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाऔं।
❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
❖ गहि बोडि गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
❖ अनियन्त्रित बोडिले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गौं।
❖ बेमासमी खेती तथा बहुवर्षीय बालीका लागि पानीको समुचित व्यवस्थापन गौं।
❖ पानीको सिइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याऔं।
❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाऔं।
❖ जलस्रोत प्रयोगमा लैंगिक समानता समावेशीतालाइ सुनिश्चित गौं।
❖ 'जल छ भने जीवन छ' भन्ने कुलाइ व्यवहामा उतांौं।



सोनमा गाउँपालिका,महोत्तरी

## गाउँगाउँमा गस्ती गर्न

# कार्यकर्तालाई सीके राउतको निर्देशन




टक नेपाल

जनमत पार्टीले सप्तरीको निर्वाचन क्षेत्र नम्बर २ स्थित राजविराजमा शनिवार युवाहरुलाई चुनाव लक्षित प्रशिक्षण दिएको छ। यहाँस्थित राजेदवी स्कूलको मैदानमा पार्टीका राष्ट्रिय अध्यक्ष डा. राउतले युवाहरुलाई प्रशिक्षण दिनुभएको हो।

यसै क्षेत्रबाट दोस्रो पटक प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार समेत रहनु भएका डा. राउतले प्रशिक्षणको क्रममा युवाहरुलाई बुथ र मतदाताको सुरक्षा गर्न आग्रह गर्नुभयो। उहाँले फागुन २१ मा हुने निर्वाचनमा बुथ र मतदाताको सुरक्षा मुख्य जिम्मेवारी भएकाले युवाहरुलाई त्यसतर्फ केन्द्रित हुन निर्देशन दिनुभयो।

आफ्नो पार्टीको मुख्य लक्ष्य नै 'विकास र निकास' भएको बताउँदै उहाँले गरिब, दलित, मुस्लिम तथा पिछडिएको सिमान्तकृत समुदायको पक्षमा जनमत पार्टी वकालत गर्दै आएको धारणा राख्नुभयो।

"जनमत पार्टी आफ्नो कुनै एजेन्डाबाट पछि हटेको छैन, रोजगारीको एजेन्डा हाम्रो छँदैछ, एक सिट जितेर दुई-अढाई वर्षमै पुरा गर्न नसकिने भएको हुँदा क्रमशः हरेक ठाउँमा रोजगारीकै लागि ग्राम उद्योग भवनको पूर्वाधारहरु निर्माण भइरहेको छ, केही ठाउँमा निर्माण समेत भईसकेको छ" प्रशिक्षणको क्रममा डा. राउतले भन्नुभयो।

सोही प्रशिक्षणलाई सम्बोधन गर्नुहुँदै जनमत पार्टीका नेता एवं मधेश प्रदेशका अर्थमन्त्री महेशप्रसाद यादवले जनमत पार्टीले ल्याएको रोजगारीको मुद्दा अहिले सबै पार्टीको चुनावी घोषणापत्रमा आउनु भनेको नै जनमतको जित भएको विचार व्यक्त गर्नुभयो।

'सधैं दलित-गरिब समुदायको पक्षमा आवाज उठाउने डा. सीके राउत हो, हामी शासक होईनौं, हामी जनताको सेवक हौं" यादवले भन्नुभयो। प्रशिक्षण कार्यक्रमपछि युवाहरुले डा. राउतको समर्थनमा शक्ति प्रदर्शन गर्दै राजविराज नगरक्षेत्रको मुख्य-मुख्य चौक परिक्रमा समेत गरेका छन्।

# सप्तरीमा आचारसंहिता विपरीत राखिएका निर्वाचन सामग्री हटाइयो

टक नेपाल

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा सप्तरी जिल्लाका विभिन्न स्थानमा आचारसंहिता विपरीत राखिएका प्रचारप्रसारका सामग्री शुक्रबार प्रशासनले हटाएको छ।

राजनीतिक दलहरूले प्रचारप्रसारका लागि आचारसंहिता विपरीत जिल्लाका विभिन्न स्थानमा टाँसेका पर्चा, पम्पलेट, ब्यानर लगायतका सामग्री प्रहरीले हटाएको स्थानीयवासीले बताएका छन्।

राजविराजसहित हुलाकी सडक क्षेत्रका विभिन्न स्थानमा दल तथा उम्मेदवारहरूले जथाभावी आचारसंहिता विपरीत टुल, ब्यानर तथा अन्य प्रचार सामग्री टाँसेको गुनासो आएपछि जिल्ला आचारसंहिता अनुगमन समितिको अगुवाइमा प्रहरीले ती सामग्री हटाएको स्थानीय चन्दन यादवले जानकारी दिनुभयो।

जिल्ला आचारसंहिता अनुगमन समितिले हुलाकी सडक अन्तर्गत जोमनी, खुरहुरिया चोक, अर्नाहा, बोदेबरसाइनको शत्रुघ्न चो कलगायत स्थानमा अनुगमन गरी सार्वजनिक स्थलमा टाँसिएका ब्यानर तथा टुल हटाएको प्रहरीले जनाएको छ।

अनुगमन समितिका सदस्य तथा सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवको नेतृत्वमा खटिएको टोलीले सडक किनार, बिजुलीका पोल, सार्वजनिक संरचना तथा सरकारी सम्पत्तिमा टाँसिएका प्रचार सामग्री हटाएको हो। निर्वाचन आचारसंहिता विपरीत ब्यानर, टुल तथा अन्य प्रचार सामग्री टाँसिएको पाइएपछि हटाइएको सहायक प्रमुख जिल्ला अधिकारी यादवले बताउनुभयो। "निर्वाचनलाई स्वच्छ, मर्यादित र निष्पक्ष बनाउन आचारसंहिता लागु गरिए पनि केही दल र उम्मेदवारले यसको पालना नगरेको पाइएको छ," उहाँले भन्नुभयो।

जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीले आचारसंहिता उल्लंघन गरेको भेटिएपछि सम्बन्धित दलहरूलाई जानकारी गराएर सचेत गराइएको भए पनि दलहरूबाटै उल्लङ्घन हुनु दुःखद भएको बताउनुभयो। "निर्वाचन आचारसंहिता सबैले पालना गर्नुपर्छ। उल्लंघन गर्नेविरुद्ध कानुनी कारबाही प्रक्रिया अघि बढाइने छ," उहाँले भन्नुभयो।

सार्वजनिक स्थलमा जथाभावी ब्यानर र टुल टाँस्दा वातावरणीय प्रदूषण बढ्नुका साथै सहरको सौन्दर्यमा समेत नकारात्मक असर परेको स्थानीय मतदाता दिनेश यादवले बताउनुभयो।

निर्वाचन आयोगले जारी गरेको आचारसंहितामा सार्वजनिक स्थल, सरकारी कार्यालय, धार्मिक स्थल, शैक्षिक संस्था तथा निजी सम्पत्तिमा अनुमति बिना प्रचार सामग्री राख्न नपाइने स्पष्ट व्यवस्था भए पनि केही दलहरूले उल्लङ्घन गर्दै आएको पाइएको छ।

"बर्दिबास मिडिया प्रा. लि. द्वारा सञ्चालित"
टक नेपाल टि.भी.
टक नेपाल राष्ट्रिय दैनिक
बर्दिवास, महोत्तरी मो.- ९८६३३२१०१४
हाम्रो सेवाहरु : अनलाईन टि.भी., अनलाईन न्युज पोर्टल, डकुमेन्ट्री, फोटोग्राफी, भिडियोग्राफी लगायत मिडिया सम्बन्धी सम्पूर्ण काम गरिन्छ।

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिवास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014